## संघीय संसद
## प्रतिनिधि सभा
## विकास तथा प्रविधि समिति
## बैठक संख्या : १२९

मितिः २०७८/०९/१६

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, सचिव, रक्षा मन्त्रालयका सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, कर्णाली करिडोर (खुलालु-लैफु-सलिसल्ला) तथा दार्चुला-टिंकर (कोठधार-टिंकर) सडकखण्डको नेपाली सेनाका आयोजना प्रमुख तथा सम्वद्ध पदाधिकारीहरुसँग उल्लेखित सडकखण्डको वर्तमान अवस्थाको सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ दार्चुला-टिंकर सडक खण्डको सडक रेखाङ्कन महाकाली नदीको किनारमा भएकोले अधिकांश स्थानहरुमा ब्लाष्टिङ्ग गर्दा ढुङ्गाका टुक्राहरु सिमापारी जाने भएकोले समय-समयमा भारतीय पक्षबाट अवरोध हुने भएको हुँदा ट्र्याक निर्माणको कार्य प्रभावित हुने देखिएकोले भारतीय पक्षसँग समन्वय गरी निर्वाध रुपमा काम गर्ने वातावरण तयार गरिदिन समिति प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, रक्षा मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

२ नेपाली सेनाबाट निर्माणाधीन सडकहरु भौगोलिक रुपमा विकट तथा कडा चट्टानी भीरहरुमा जोखिमपूर्ण हुने भएकोले यही आ.व. देखि लागू हुने गरी निर्माण कार्यमा संलग्न हुने सकल दर्जाहरुलाई प्रोत्साहन स्वरुप जोखिम भत्ताको व्यवस्था गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३ कर्णाली करिडोर तथा दार्चुला-टिंकर (कोठधार-टिंकर) सडक खण्डमा आवश्यक बजेट विनियोजन गरी निर्वाध रुपमा विकास निर्माणका कार्यहरु सुचारु गर्ने आवश्यक व्यवस्था मिलाउन एवं विकास निर्माणका कार्यमा खटिने जनशक्तिको अभाव देखिएकोले आवश्यक प्राविधिक जनशक्तिहरुको तत्काल पदपूर्ति गर्ने व्यवस्था समेत मिलाउन समिति अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ ।

४ समितिबाट स्थलगत अध्ययन अवलोकन भ्रमण भई तयार पारिएको कर्णाली करिडोर (खुलालु-लैफु-सलिसल्ला) तथा दार्चुला-टिंकर (कोठधार-टिंकर) सडक खण्ड स्थलगत अध्ययन अवलोकन भ्रमण प्रतिवेदन, २०७८ माथि छलफल भई आवश्यक परिमार्जनका साथ पारित गरी निर्दिष्ट गरिएका विषयहरु कार्यान्वयनका लागि उक्त प्रतिवेदन नेपाल सरकार रक्षा मन्त्रालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय र विकास निर्माण निर्देशनालय, नेपाली सेनालाई पठाउने निर्णय गरियो ।

५ समितिको अर्को बैठक २०७८ साल पुस १९ गते सोमबार बिहान ११:०० बजे बस्ने गरी स्थगित भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति